म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३५२ | शनिबार १४ साउन २०७९ | ने. सं. ११४२ गुँलाथ्व | 30 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सूचना ! सूचना !! सूचना !!!**

यस संस्थामा लामो समय देखि बक्यौता रकम राखि पटक पटक पत्राचार फोन सम्पर्क तकिता गर्दा पनि बक्यौता भुक्तानी गर्न कुनै चासो नराख्नु भएको हुँदा ७ दिनभित्र रकम भुक्तान गर्नु हुन अनुरोध गर्दछौ, साथै तोकिएको समय सिमाभित्र भुक्तान नभएमा तीन पुस्ते विवरणसहित पुन: स्थानीय पत्र-पत्रिकामा प्रकाशित गरिने व्यहोरा यसै सूचनामार्फत जानकारी गर्दछौ ।

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, रुद्रपथ
फोन: ०५७-५२६२६०

# कानुन मिचेर सहकारी दर्ता गरेका पाण्डे उम्किँदै

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ बागमती प्रदेश सरकारले कारबाही गर्न संघीय मन्त्रालयलाई पत्र काटेपनि तत्कालिन सहकारी महाशाखाका रजष्ट्रिारबिक्रम पाण्डेमाथि कारबाही हुन नसकेको पाइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई तत्कालिन रजष्ट्रिारमाथि कारबाही गर्न १४ असार २०७९ मा पत्र काटेको थियो । प्रदेशको भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत् सहकारी महाशाखाका तत्कालिन रजष्ट्रिार पाण्डेले २०७७/४/१३ गतेदेखि २०७८/७/७ गतेसम्मको अवधिभित्र कानुनविपरित सहकारी दर्ता गर्ने कार्यमा संलग्न रहेको पाइएको थियो । उनले रजिष्ट्रार रहँदा प्रदेशभरका करिब १ सय ३० वटा सहकारी कानुनविपरित दर्ता गरेको खुलेको थियो । दर्ता भएका अधिकांश सहकारी काठमाडौं, भक्तपुर र ललितपुरका छन् ।

प्रदेश सहकारी नियमावली-२०७६, अनुसार सहकारी दर्ता हुन स्थानीय तहको सिफारिस चाहिन्छ । तर, पाण्डेले स्थानीय तहको सिफरिस बिनै सहकारी दर्ता गरेर कानुन मिचेका थिए । पाण्डे हाल संघीय सरकारअन्तर्गत् कार्यरत् छन् । उनको गत साल मंसिर अगावै सरुवा भएको थियो । उनी स्थानीय तह निर्वाचनमा कर्णाली प्रदेशमा निर्वाचन अधिकृतका रुपमा पुगेका थिए । पाण्डेले अवैध रुपमा सहकारी दर्ता गरेको खुलेपछि मन्त्रालयले छानबिन समिति बनाएको थियो । छानबिन समितिले पनि कानुनविपरित सहकारी दर्ता गर्ने कार्यमा पाण्डेको संलग्नता रहेको निश्कर्ष निकालेको थियो ।



प्रदेश सहकारी नियमावली २०७६ को परिच्छेद २ को ५ को दफा १ को (ड) अनुसार सहकारी दर्ताको लागि दुई वा दुई भन्दा बढी कार्य क्षेत्र राखी दर्ता गर्न चाहेमा सो स्थानीय तहको अनिवार्य सिफारिस पत्र हुनुपर्ने व्यवस्था छ । नियमानुसार २ वा सो भन्दा बढी सहकारीको कार्य क्षेत्र भएमा स्थानीय तहको सिफारिस अनिवार्य गरिएको छ । धेरै जसो सहकारीले उपत्यकाको तीन जिल्ला कार्य क्षेत्र पाएका छन् । तर उपत्यकामा भएका कुनै पनि स्थानीय तहसँग स्वीकृति, सिफारिस केही लिएका छैनन् ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले ३ असार २०७९ मा छानबिन समितिको प्रतिवेदनसहित पाण्डेलाई कारबाही गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सिंहदरबारस्थित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरेको थियो । मुख्यमन्त्री कार्यालयले पनि १४ असार २०७९ मा संघीय मामिलालाई सक्कल प्रतिवेदनसहित कारबाही गर्न सिफारिस गरेको थियो । तर, राजनीतिक पहुँचका आधारमा पाण्डे कारबाहीबाट उम्किँदै आएका छन् ।

# ७८ जना महिलाहरुको पाठेघरको मुखको परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ मनहरी गाउँपालिकाको ७८ जना महिलाहरुको पाठेघरको मुखको परीक्षण गरिएको छ ।

शुक्रबार मनहरी गाउँपालिका-४ स्थित पशुपति माध्यामिक विद्यालयमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर सम्बन्धी नि:शुल्क परीक्षण गरिएको हो । शिविरमा ७८ जना महिलाहरुको पाठेघरको मुखको परीक्षण गरिएको छ ।

बस्तिपुर जेसिज हाँडीखोलाको आयोजना, नेपाल परिवार नियोजन संघ मकवानपुरको प्राविधिक सहयोग र मनहरी गाउँपालिका वडा नम्बर ४ को समन्वयमा शिविर भएको हो । वनकरिया बस्तिलाई लक्षित गरी आयोजना गरिएको शिविररमा ७८ जनाले स्वास्थ्य परिक्षण गराएका छन् । दुई जना सेवाग्राहीले १२ वर्षे अस्थायी परिवार नियोजनको साधनको सुविधा लिएका छन् ।

बस्तिपुर जेसिज हाँडीखोला वर्ष-२०२२ का अध्यक्ष तेज प्रसाद उप्रेती(रमेश) को सभाध्यक्षमा भएको कार्यक्रममा मनहरी गाउँपालिकाको अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष कालाखेतीले शिविरबाट विपन्न वर्गहरुले लाभ लिने भएकोले गाउँपालिकाको अन्य वडाहरुमा पनि स्वास्थ्य शिविर संचालनको लागि हातेमालो गर्न सदैब तयार रहेको बताए ।

# लागूऔषध न्यूनीकरण पहिलो प्राथमिकतामा: प्रहरी प्रमुख गौतम




साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ जिल्ला प्रहरी कार्यालय मकवानपुका प्रहरी प्रमुख उपरीक्षक बामदेव गौतमले लागूऔषध खेती र ओसारपसारलाई न्यूनीकरण पहिलो प्राथमिकतामा रहेको बताएका छन् ।

शुक्रबार हेटौंडामा सञ्चारकर्मीसँग भेटघाट गर्दै उनले मकवानपुरको विभिन्न स्थानमा हुने गरेको लागूऔषध उत्पादन र ओसार पसारलाई नियन्त्रण गर्ने कुरा आफ्नो प्राथमिकतामा रहेको बताएका हुन् । उनले शान्ति सुरक्षाको विषयमा कुनै पक्षसँग पनि सम्झौता नगर्ने प्रतिबद्धता समेत जनाए ।

जिल्लाको समग्रमा विषयमा आफू जानकार रहेकोभन्दै गौत्रमले यहाँको समस्या समाधान गर्न हदैसम्म काम गर्ने प्रतिबद्धता जनाए । 'शान्ति सुरक्षाको विषयमा कुनै पक्षसँग पनि सम्झौता गर्दिन । लागूऔषध नियन्त्रण, शान्ति सुरक्षा कायम, ट्राफिक व्यवस्थापनको विषयमा विशेष योजना बनाएर काम गर्नेछु ।', भर्खरैमात्र मकवानपुर सरुवा भएर आएका गौतमले प्रहरी नायब उपरीक्षकहुँदा यसै जिल्लामा बसेका कारण काम गर्न सहज हुने दावी गरे ।

# विद्यार्थी र युवा उद्यमीलाई लक्षित गरी 'बिजनेस इन्क्युबेशन सेन्टर'



साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ व्यापार, व्यवसाय गर्ने सोच बनाएका विद्यार्थी र समुदायमा भर्खरै व्यवसायी सुरु गरेका युवा उद्यमीहरुलाई लक्षित गरी हेटौंडामा 'बिजनेस इन्क्युबेशन सेन्टर' सञ्चालनको तयारीमा छ ।

हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसले स्नातक र स्नातकोत्तर अध्ययनरत् युवा विद्यार्थीहरुलाई व्यापार र व्यवसायमा सफल बनाउने उद्देश्यले बिजनेस इन्क्युबेशन सेन्टर सञ्चालन गर्न लागेको हो ।

सेन्टरको आइतबार उद्घाटन गरिने भएको छ । म्यानेजमेन्टले आफ्ना विद्यार्थीहरुलाई समयसापेक्ष व्यवहारिक सीप दिलाउने तथा उनीहरुको आन्तरिक क्षमता अभिवृद्धिका लागि सेन्टर सञ्चालनमा ल्याउन लागेको जानकारी दिएको छ ।

युवाहरुलाई व्यापार र व्यवसायमा सफल बनाउन नयाँ योजनासहित उत्प्रेरणा जगाउने उद्देश्यले बिजनेस इन्क्युशेन सेन्टरहरु देशका अन्य सहरहरुमा सञ्चालित छन् । हेटौंडामा पनि युवाहरुलाई सफल व्यवसायी बनाउने उपाय सेन्टरले दिने जनाइएको छ । विद्यार्थीहरु र समुदायका नव व्यावसायीहरुलाई भविष्यमा एक सफल व्यावसायी तथा उद्यमी बनाउन विशेष तालिम दिइने म्यानेजमेन्टका निर्देशक दिपेश जोशीले जानकारी दिए ।

तर, सेन्टरमा व्यवसाय र उद्यमी बन्ने चाहना बोकेर योजना भएका र जोखिम मोल्न सक्ने क्षमताका युवाहरुलाई मात्रै प्राथमिकता दिइने बताइएको छ । सेन्टरले व्यवसायिक आविष्कारहरुलाई पोषण गर्न केन्द्रित हुने जोशी बताउँछन् ।


सेन्टरमा १० महिनादेखि १ वर्षसम्मका कार्यक्रमहरु रहने जोशीले बताए । उनका अनुसार व्यवसायका योजना बोकेका युवाहरुलाई सुरुवाती लगानी गर्नेसम्मको सहयोग सेन्टरले गर्न सक्नेछ ।

'इन्क्युबेसन कार्यक्रममा बिद्यार्थी तथा नयाँ उद्यमीहरुमा उद्यमशिलता मानसिकता विकास गर्ने एउटा उद्यमशिल मन्च पनि हो । यसमा स्थापित व्यापारघरहरु, स्नातक र स्नाकोत्तर स्तरका विद्यार्थीहरु, व्यावसायिक विचारहरु उत्पन्न गर्दै आफ्नो व्यवसायलाई बलियो बनाउन र विस्तार गर्नका लागि थप सहज हुनेछ ।,' जोशीले भने । विद्यार्थीसँग भएको नवीनतम सीपलाई नवव्यवसायीको रुपमा अगाडि बढाउँदै समाजमा स्थापित गर्न सहयोग गर्ने उद्देश्यले यस कार्य अगाडि बढाइएको उनले बताए ।

'विद्यार्थीहरुमा भएको बिजनेस योजनालाई कसरी सार्थक बनाउन सकिन्छ भनेर आवश्यक परामर्श दिन्छौं । उनीहरुसँग भएको योजनालाई नवव्यवसायीबाट उद्योगीसम्म बनाउन हामी पुलको रुपमा काम गर्नेछौं ।,' जोशीले सुनाए ।

म्यानेजमेन्टले आइतबारबाट विद्यार्थीलाई पहिलो चरणको कार्यशाला (तालिम) समेत दिने भएको छ । अन्तर प्रेरणा संस्थासँगको सहकार्यमा सेन्टर सञ्चालन गर्न लागिएको हो । विद्यार्थी आगामी पाँच दिन बिजनेस इन्कुबेशनका विज्ञ तथा डच नागरिक ह्यांकले प्रशिक्षण दिनेछन् ।

इक्क्युबेशन सेन्टरले कार्यक्रममा सहभागीहरुलाई प्रशिक्षण र विकास, मेन्टरशिप, नेटवर्किङ, सहकार्य गर्ने ठाउँ, बीजकोष र लगानीकर्ताहरुको पहुँचको सुविधा प्रदान गर्ने कार्यक्रमका संयोजक आयुष बम्जनले जानकारी दिए ।






यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# भेटियो यस्तो अचम्मको जीव, वैज्ञानिकसमेत चकित

प्रशान्त महासागरमा वैज्ञानिकले एउटा यस्तो विचित्र जीव भेटेका छन् जुन आजसम्म देखिएको थिएन । यो दुर्लभ जीवको शरीर करिब ९ फिटको छ । जसको एकातिरको पुच्छर लामो छ अर्कोतर्फ धेरै सुँड अर्थात् टेन्टेकल्सको झुण्ड छ । यो कुनै समुद्री जीवको नयाँ प्रजाति त होइन भनेर वैज्ञानिक अचम्मित छन् ।

यो चकित तुल्याउने जीवलाई ...E/V Nautilus नामको रिमोटबाट चल्ने समुद्री यानले भेटेको थियो । उनीहरुले उक्त जीवको भिडियो पनि बनायो । यो समुद्री यानलाई गहिरो समुद्रमा अनुसन्धान गर्ने गैर-सरकारी संस्था ओशन एक्सप्लोरेशन ट्रस्टले चलाउँछ । समुद्री यानको स्क्रिनमा यो जीव देखिने बित्तिकै वैज्ञानिक हैरान भए । उनीहरुले यानलाई यो जीवको निकै नजिक लगे । त्यसपछि क्यामरालाई जुम गरेर यसको अंगको फोटो पनि खिचे । भिडियो पनि बनाए ।



यो जीवको लम्बाई करिब ९ फिट छ । जबकी यसको सुँड करिब १६ इन्च लामो थियो । सुँड यसरी निस्किएको थियो कि जस्तै कि ती कुनै नरम गोलाकार हिस्साको माथिबाट काटिएको होस् । उनीहरु यही सुँडबाट तैरिन्थे । खाइरहेका थिए । चारैतिर यसलाई हल्लाएर शिकार खोजिरहेका थिए । यो जीवलाई यसै महिना (जुलाई) को ७ तारिखमा भेटिएको थियो । जहाँ यो जीव भेटिएको छ, त्यो स्थान हवाई द्वीपको पशिचमस्थित जोन्सट्न एटल नजिकै छ । वैज्ञानिकलाई सुरुमा लाग्यो कि यो सोलमबेलुला मोनोसिफेलस हो । यसलाई सोलमबेलुला समुद्री पेन पनि भनिन्छ । यसै फाइलममा जेलिफिस, हाइड्रा र कोरल पनि पर्छन् । यसअघि समुद्री पेनलाई अटलान्टिक र हिन्द महासागरमा देखिएको छ । यो परियोजनाका प्रमुख खोजकर्ता स्टिभ अस्काभिचले यो खोज अचम्मको बताएका छन् ।

स्टिव असकाविचले भने, 'हामीलाई सुरुमा लाग्यो कि यो समुद्री पेन हो । तर हामी पूर्ण रुपमा निश्चित भने छैनौं । हामीले एउटा जीव देखेका थियौं तर त्यसलाई क्याप्चर भने गर्न पाएनौं । यो जीव हाम्रो समुद्री यानभन्दा पनि ठूलो थियो । हाल त हामी यसलाई समुद्री पेन नै मानिरहेका छौं । यसको आकारले लाग्छ कि यो निकै प्राचीन जीव हो, जो यति गहिराईमा बस्छन् । यद्यपि, यसको सही उमेरबारे अन्दाज लगाउन मुश्किल छ । साधारणतया समुद्री पेन ६ देखि ६ वर्षको उमेरसम्म वयस्क हुने गर्छ । बढीमा यो एक दशकसम्म जिउँदो रहन सक्छ, यदि यसको शिकार भएन भने ।'

स्टिवले बताए अनुसार सोलमबेलुला मोनोसिफेलसलाई यसअघि प्रशान्त महासागरको मध्य इलाकामा देखिएको थिएन । केही महिना अघि मात्रै स्पोनका वैज्ञानिकले समुद्री पेनका दुई प्रजातिको खोजी गरेका थिए । स्यूडमबेलुला र सोलमबेलुला । यो नयाँ जीव सोलमबेलुला मोनोसिफेलस प्रजातिको हो कि या यो अरु कुनै जीव हो भन्नेबारे निश्चित गर्न बाँकी नै छ । यसका लागि अनुसन्धान गरिँदै छ । यो कुनै नयाँ प्रजाति पनि हुन सक्ला । *-साभार: अनलाइनखबर*

**यौन/जीवनशैली**

# महिलामा हुने यौन स्वास्थ्य सम्बन्धी समस्या....

यौन जीवनको अभिन्न अंग हो । धेरै महिला विभिन्न यौन समस्याले पीडित हुन्छन् । केही यौन समस्याको समाधान एक्लैले गर्न सकिन्छ भने केहीका लागि चिकित्सकको सल्लाह आवश्यक पर्छ । पुरुषमा भन्दा महिलामा यौन समस्या बढी हुन्छन् । यौन आफैँमा जटिल विषय हो । यसको अल्पज्ञानले यसलाई अरू जटिल बनाइदिन्छ । त्यस्तै, तथाकथित यौन ज्ञाताहरूको अधकल्चो सल्लाह र सुझावले यौन समस्या झन् बल्झिन्छ ।



यौन पहिले इच्छाबाट सुरु हुन्छ, यौन इच्छाले एराउजल (उत्तेजना) गराउँछ र त्यसपछि अर्ग्याजम (चरमोत्कर्ष) मा पुर्‍याउँछ भन्ने विचार व्याप्त छ । पुरुषका हकमा यो कुरा सत्य भएपनि महिलाका हकमा यसो नहुनसक्छ । महिलामा शारीरिक चाहनाबाटै यौनको सुरुआत नहुनसक्छ । यौनको शारीरिक चाहना यौन गतिविधि सुरु भएपछि मात्र पनि हुनसक्छ । धेरै महिलाले सेक्स गर्दा अर्ग्याजममा नपुगे पनि आफू सन्तुष्ट भएको बताउँछन् । यौनको भौतिक र भावुक पक्षले चरमसुखसबिना पनि आनन्द दिनसक्छ । तर केही महिलालाई चरमोत्कर्षमा नपुग्दा यौन असन्तुष्टि रहन्छ । यौन सम्पर्कबाहेक चुम्बन, संवेदनशील अंग स्पर्श आदिले उनीहरूलाई बढी उत्तेजनामा ल्याउनुपर्ने हुन्छ । यौन समस्या मुख्यतया चार प्रकारका हुन्छन्, यौन इच्छाको समस्या, यौन उत्तेजनाको समस्या, सम्भोग सुखको समस्या र यौन पीडाको समस्या ।

***यौन इच्छाको समस्या***

जब कुनै महिला कुनै पनि यौन गतिविधिमा संलग्न हुन चाहन्नन्, उनलाई यौनको कल्पना या विचार आउँदैन भने उनमा यौन इच्छाको समस्या रहेको हुन्छ । यो चिन्ताको विषय हो ।

***यौन उत्तेजनाको समस्या***

यौन उत्तेजनाले शरीरमा भौतिक र भावनात्मक परिवर्तन ल्याउँछ । रक्तचाप, मुटुको धड्कन, सास र शरीरको तापक्रम बढ्नु, स्तन र योनीमा रक्तप्रवाह बढ्नु र योनी चिप्लो हुनु तथा फुल्नु यौन उत्तेजनाका लक्षण हुन् । केही केही महिलामा यौन उत्तेजनाका यी संकेत देखिँदैनन् । रोग, मानसिक तनाव, रक्सी सेवन, धूमपान आदिका कारण महिलामा यौन उत्तेजनाको समस्या आउनसक्छ ।

***सम्भोग सुखको समस्या***

सम्भोग सुखको अनुभव नभएपनि महिलालाई पुरुषको प्रेम र निकटताले सन्तुष्टि दिनसक्छ । तर, कसै कसैलाई चरमसुखको अभावले चिन्तित बनाउँछ । आफ्नो प्रेमी या श्रीमान्लाई विश्वास नगर्ने र बढ्दो उमेरका महिलालाई यो समस्या हुन्छ ।

***यौन पीडाको समस्या***

यौन सम्पर्क हुँदा महसुस हुने दुखाइलाई यौन पीडा भनिन्छ । अधिकांश महिलाले जीवनको कुनै न कुनै विन्दुमा यौन पीडा भोगेका हुन्छन् । तर यौन पीडा अत्यधिक र सधैँ भएमा चिकित्सकको सल्लाह आवश्यक हुन्छ ।

*यौन समस्याका कारण*

***बढ्दो उमेर***

महिलाको यौन चाहना बढ्दो उमेरसँगै घट्दै जान्छ । यसले वैवाहिक जीवनमा समस्या ल्याउन सक्छ । श्रीमान्श्रीमतीले यसबारेमा खुलेर कुरा गर्नुपर्छ र एकअर्कालाई कसरी सन्तुष्टि दिने भन्नेमा ध्यान दिनुपर्छ । स्वस्थ र सुखी जीवन व्यतीत गर्न यौनलाई निरन्तरता दिनसक्नुपर्छ ।

***हार्मोनको परिवर्तन***

जीवनका विभिन्न चरणमा महिलाको यौन चाहना र प्रतिक्रिया फरक फरक हुनसक्छन् । गर्भवती हुँदा, महिनावारी रोकिएपछि या महिनावारीका दिन अनुसार यौन चाहनामा परिवर्तन आउँछ । शरीरमा हुने हार्मोनको परिवर्तनले यस्तो हुन्छ । एन्ड्रोजिन हार्मोनले यौन चाहना घटाउँछ भने एस्ट्रोजिन हार्मोनले योनीलाई सुख्खा पार्ने काम गर्छ जसले यौनसम्पर्कलाई कष्टदायी बनाउँछ ।

***अन्य कारण***

रोग या कुनै विशेष औषधि सेवनले यौन समस्या हुनसक्छ । पुरुषसँग आत्मीय सम्बन्ध नहुँदा पनि महिलामा यौन समस्या देखिनसक्छ । पुरानो दुखद अनुभव या डिप्रेसनले पनि यौन समस्या हुनसक्छ ।

***समाधानका उपाय***

यौन समस्याले चिन्तित पारेको छ भने मात्र यसको समाधान खोज्नु जरुरी हुन्छ । सबैभन्दा पहिले महिला र उनका प्रेमी या पतिले समस्यालाई बुझ्नुपर्छ । सिधा यौनसम्पर्क बाहेक अरू गतिविधिले पनि यौन अनन्द दिनसक्छ भन्ने बुझ्नुपर्छ । संवेदनशील अंगमा छुनु, हस्तमैथुन (मास्टरबेसन), मुखमैथुन (ओरल सेक्स) गर्नु आदि पनि सम्भोग सुख प्राप्त गर्ने उपाय हुन् । लागूपदार्थको लत छ भने यौन समस्याबाट मुक्त हुन यसको परित्याग अत्यावश्यक छ । चिकित्सकको सल्लाह लिनुअघि यी प्रयास गरेमा यौन समस्याबाट पार पाउन सकिन्छ :

- महिलामा यौन इच्छा जगाउन या बढाउन उनको प्रेमी या पतिसँग आत्मीय सम्बन्ध हुनुपर्छ । कुनै पनि समस्यामा खुलेर कुरा गर्नुपर्छ । सम्भोगमा भन्दा आत्मीयतामा बढी ध्यान दिनुपर्छ । यौन ज्ञान र सम्भोग कला महिलाका यौन समस्या हटाउन उपयोगी हुन्छन् ।
- पर्याप्त आराम गरेर, प्राक्क्रिडा (फोरप्ले)को अवधि बढाएर, योनीका मांसपेशीको कसरत (केगेल एक्सरसाइजेज) गरेर यौन उत्तेजना बढाउन सकिन्छ ।
- यौन उत्तेजना बढाउने क्रियाकलाप गर्नु, सम्भोगमा एकाग्र हुनु र यौनसम्बन्धी कल्पना गर्नु सम्भोग सुख बढाउने उपाय हुन् ।
- विभिन्न सम्भोग आसन प्रयोग गर्नु, पर्याप्त फोरप्ले गर्नु, तातो पानीले स्नान गर्नु, सम्भोग अघि पिसाब फेर्नु आदि उपाय अपनाएर सम्भोग पीडा घटाउन या हटाउन सकिन्छ । यी प्रयासहरूले यौन समस्या समाधान भएनन् भने चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

*-साभार: स्वास्थ्यखबर*

**साहित्य**

# ल्यांग फ्यांग



✍ **शेखर बास्कोटा**

सवै मेरा मान्छे सवै आफन्त । सवै इष्टमित्र सबै दोस्त सवै नजिकका मर्दापर्दा असाध्यै सहयोगी । कस्तो भ्रम कस्तो जालो कस्तो कस्तो यो दुनिया रहेछ बडा सस्तो । छन् गेडी सवै मेरी, छैनन गेडी सवै टेडी । हामी यो मायाजाल मा बडा नमाज्जाले फसेका छौं । यो कलियुग हो शास्त्र अनुसार, हुनत सत्य युग कस्तो थियो । हामीलाई के थाहा ? हैन र ।

राम राज्य कृष्ण, त्रेता द्धवापरयुग हुँदै कलियुग आको हो अरे । हामी मध्ये कलियूगमा सयर गर्दै छौ । हामी कलियुगे मानव । हामी मध्ये कलयुगमा सयर गर्दैछौ । हामी कलियुगे मानव । हामी लगभग दानव जस्तै स्वभाव भएका मानव । हामी दानव भन्दा थोरै अगाडी फड्को मार्ने अवस्थामा पुगिसकेका छौ । हाम्रो आचारण हाम्रो व्यवाहार के दान भन्दा कम छ म तपाई हामी एक अर्कालाई राम्रोसंग छामौ । आफैले आफैलाई पनि दाजौं । पैसा पैसा खाली पैसा । पैसा छ सव थोक छ पैसा छैन आफ्ना इष्ट मित्र भरि भराउ हुन्छन् । चाहे दुईनम्बरी गर्नुस या तीन नम्बरी जसरी पनि पैसा अनि इष्टमित्र भरिभराउ हुन्छन् । भो मलाई दुइ नम्बरी गरी कमाउनु छैन ।

मलाई ती दुई नम्बरी इष्ट मित्र भन्दा मेहेनतको कदर गर्ने पराई नै काम लाग्छ । सवै देखावटी स्वागं पार्नी संसार भन्दा जे जस्तो रुखोसुख आटो पीठो नै राम्रो मिठो । हामीअती नै स्वार्थी भएका कारण नै हाम्रो विनाशको बाटो हो । हाम्रो समाज पूर्ण रुपमा परजीवि र जंक फुड नै सम्झ्यो । हामीलाई रेड वुल र कुरकुरे अनी गुट्खा नै नराम्ररी थिची सक्यो । ई यस्ता तामझाम भोजनले पूर्ण रुपमा परजीवि बनाई सक्यो । यी यस्ता तामस्वी भोजनले पूर्ण रुपमा परजीवि बनाई सक्यो ।

हाम्रो समाज हाम्रो परम्परा रितीरि वाज संस्कृति भन्दा दुई कदम अगाडी वडी सक्यो। कुरकुरे र चाउचाउ जस्तो विकृतिले चुर्लुम्ब डुवेको हाम्रो समाजले आत्म सम्मान पुर्णरुपले गुमाई सक्यो । यहा प्रशासन पूर्णरुपले मौन छ। मौन समर्थन जनाईरहेछ । विकृति प्रति ।

पूर्णरुपमा प्रतिवन्धित बसतु खुल्लम खुल्ला विक्री भइरहँदा चुप चाप बस्नु भनेको प्रशासनको समर्थन हो त्यैसैले यो कलियुग हो । जसरी हुन्छ पैसा कमाउनुस, सवथोक छ । भोटमै जावोस् इज्जत यस्तै मै एउटा पुरानो कविको कविता याद आयो । राम युगमेदुध मिलीकृष्ठा युग मेधी कलियुग मे दारु मिली जोर लगा केपी । अस्तु ।

# खाली खुट्टा



✍ **चाचु ढुंगाना**

काँधमा जिम्मेवारी
अनि
छिनेको चप्पलको
लोताजस्तै
परिवार
छिमेकी
आफन्त
साथीभाइ भएपछि
म लागेँ विदेश
खाली खुट्टा

बिरानो देशको
भाषा, रहनसहन
बुझ्न नपाउँदै
मलाई
जेल हालियो

त्यसपछि अनेक
हल्ला चल्न थाले
मेरा बारेमा
समुन्द्रमा डुब्यो
आत्महत्या गर्यो
खरानी घस्यो
कैलाश पर्वततिर लाग्यो
शरणार्थी
कन्टेनरमा फालियो

कुशको लास
जलाइयो मेरो
छोराछोरीले पापा
जुस र चकलेट
भन्दा भन्दै
अघाए
बुढी
नाबालकहरूलाई छाडी
पर-पुरुषसँग सल्की

आमा नै त
थिइन् बस्
सखारै झिसमिसेमा
झरी, बादल, घाम नभनी
आँगनीको डिलबाट
मलाई नै
तर्केर बस्थिन्

यत्तिकैमा
१२ वर्षपछि
मलाई निर्दोष
भनी छाडियो
तर विडम्बना
फुलेको दाह्रीजुंगा र
फेरि त्यही उही
खाली खुट्टासँगै
चरम यातनाले
गर्दा पार्किङसन

त्यत्रो बेर
मेरो गाला
सुमसुमाएर पनि
न आमाले
मलाई छोरा भनी
ठम्माइन्
न नै
मैले चिनेँ ।

# मुस्कानसहितको सेवा

**लघुकथा**



✍ **आकाश अधिकारी**

> कर्मचारीको पोशाक लगाएको देखेर सेवाग्राही महिलाले कर्मचारीलाई हात जोडेर नमस्कार गरिन् । कर्मचारीको पोशाक लगाएका ती कार्यालय सहयोगी कर्मचारीले भने सेवाग्राहीलाई न त हात जोडेर नमस्कार फर्काए न त मुखले कुनै औपचारिकता निभाए ।

बिहानको दस बजिसकेको थियो । सरकारी कार्यलयको प्रवेश द्धारमा कर्मचारी, सेवाग्राही पस्ने निस्कने क्रम चलिरहेको थियो । सोही समयमा मेरो आँखा एउटा दृश्यमा गएर रोकियो । सामान्य देखिने एक महिला आफ्नो काम लिएर सायद कार्यालय प्रवेश गर्दै थिएन, सोही अवसरमा सोही कार्यलयमा कार्यरत् एक कर्मचारी बाहिर निस्कँदै थिए । कर्मचारीको पोशाक लगाएको देखेर सेवाग्राही महिलाले कर्मचारीलाई हात जोडेर नमस्कार गरिन् । कर्मचारीको पोशाक लगाएका ती कार्यालय सहयोगी कर्मचारीले भने सेवाग्राहीलाई न त हात जोडेर नमस्कार फर्काए न त मुखले कुनै औपचारिकता निभाए । नजिकैबाट त्यो दृश्य नियाली रहेको मलाई भने लाज लाग्यो । किन कर्मचारी यतिसम्म गैरजिम्मेवार छन् भनेर । त्यसमा पनि करारको कार्यलय सहयोगी ?

कि त कार्यलय सहयोगीलाई बानी नपरेको हुन पनि सक्छ, नभए किन सेवाग्राहीले हात जोडेर गरेको नमस्कार फर्काएको होला भनेर मेरो मनमा जिज्ञासा जागिरह्यो । हाम्रो देशमा करारमा रहेको कार्यलय सहयोगी 'पिउन'ले त भाउँ खान्छन् भने उच्च ओहदामा रहेका कर्मचारी, जनप्रतिनिधिले किन नखाउन् । 'मुस्कान सहितको सेवा' भन्ने नारामा मात्र सिमित रहेकै हो त सेवाग्राही र आम जनताप्रति राज्यका निकायका कर्मचारी र जनप्रतिनिधिहरुको व्यवहार कहिले परिवर्तन आउने होला ?

'मुस्कानसहितको सेवा' प्रवाह गर्नेहरुको चर्तीकला देखेर म भने हैरानी महसुस गर्दै दिनभर टोलाइरहें । - साभार: साहित्यपोष्ट

**कविता**

# सम्बन्ध



✍ **प्रकाश कुमार सिग्देल**

कितावमा के छ ?
सबै उसलाई थाहा छ
कुन पेजमा कतिवटा अक्षर ?
ती अक्षरका सम्बन्ध कुन शब्दसँग ?
त्यो पनि थाहा छ
कुन पेजमा कति वटा शब्द ?
कुन शब्दको सम्बन्ध कुन वाक्यसँग ?
त्यो पनि थाहा छ
तर किताबभन्दा पर
अरु त अरु के कुरा ?
भान्छामा आफूले खाँदै गरेको
भातको सिता र
यसको पिता-धान बीचको
सम्बन्धसम्म पनि थाहा छैन ।

छोराले फो जिपिए ल्याएर
मख्ख परेको बाउलाई
मात्र फो जिपिए र
विज्ञान बीचको सम्बन्ध थाहा छ
विद्यार्थीले फो जिपिए ल्याएर
मख्ख परेको स्कुललाई
मात्र फो जिपिए र
विज्ञापन बीचको सम्बन्ध थाहा छ ।

**कविता**

# कसरी धनभन्दा विद्या ठूलो ?



✍ **राहुल पोखरेल**

सहरको त्यो मोडमा
दाहिने लक्ष्मी
र देब्रे सरस्वती थिए
तिमी दाहिने मोडियौ
र म देब्रे मोडिएको हुँ

यो दश वर्षमा
तिमी लाखौंको धन सम्पत्ति
पजेरोमा खेल्छौ
म एक्स, वाई र जेरोमा खेल्छु
तिम्रो सम्पत्तिले
सम्पत्ति नै थपिरहँदा
मेरो एक्स, वाई र जेरोले
मलाई साँच्चीकै जेरो बनाइरहेको छ

तिमी मेरो विद्यालयमा आउँछौ
लक्ष्मीको दान गरेर
विद्या प्रेमी भएर जान्छौ
म जिन्दगीभर सरस्वतीसँग खेलेर
विद्या प्रेमी हुन सक्दिनँ

यो समाज फेर्ने रहर बोकेर
सहरको त्यो मोडबाट
देब्रे मोडिएको म
आज आफ्नै हातको
चक, डस्टर फेर्न पनि
चौमासिक तलब
पर्खिनु पर्ने अवस्थामा छु

मलाई धनभन्दा विद्या ठूलो
भनेर पढाउने सरलाई
तिम्रै पजेरोमा चढेर
भेट्न जान मन छ
र सोध्न मन छ
तिमी लक्ष्मीको दान गरेर
विद्या प्रेमी हुन्छौ
म सरस्वतीसँग जिन्दगी बिताउँदा पनि
विद्या प्रेमी हुन सक्दिनँ भने
कसरी धनभन्दा विद्या ठूलो हुन्छ सर ?

# जब केबलकारमा पत्रकारलाई रोकियो !

काठमाडौँ, १३ साउन (रासस)/ काठमाडौँको चन्द्रागिरिमा रहेको केबलकार चढ्न शुक्रबार उपत्यकाका एक हुल पत्रकार पुगेका थिए । चन्द्रागिरि केबलकारका प्राय:सबै गोण्डोला (डिब्बा) भरिभराउ भए, यत्तिकैमा पत्रकारको यात्रा चल्यो ।

चल्दै गरेका गोण्डोला (केबलकारको डिब्बा) केही मिनेटपछि रोकिए । त्यसबेला पत्रकार आत्तिएनन् । बरु गोण्डोलामा उभिएरै तस्बिर तथा भिडियो लिन ब्यस्त भए । उनीहरु काठमाडौँ उपत्यका तथा चन्द्रागिरि डाँडो र त्यहाँको जङ्गलको वरपरका दृश्य क्यामेरमा कैद गर्नेतिर लागे ।

यो एक अभ्यास थियो र केबलकारका प्राविधिकहरुले पूर्वजानकारी गराएरै केबलकार रोकेका थिए । त्यसैले पनि गोण्डोलमा रहेका पत्रकार डराएनन् र यसलाई स्वाभाविकरुपमा लिए । पत्रकार चढेका हरेक गोण्डोलामा केबलकारका प्राविधिक र कर्मचरी सहभागी थिए । उनीहरुले पत्रकारलाई आउनसक्ने समस्या र समाधानका उपायबारे बुझाइरहेका थिए । आजको अभ्यास यो केबलकार सुरक्षित छ र कहिलेकाहीँ कुनै प्राविधिक कारणले केही मिनेट रोकिन सक्छ भन्ने जानकारी दिन आयोजना गरिएको थियो । त्यसैले हरेक गोण्डोलामा यहाँका प्राविधिक र पत्रकार राखिएको थियो र उनीहरुले यसका विविध प्राविधि विषयको जानकारी गराइरहेका थिए ।

एक गोण्डोलामा सहभागी थियो चन्द्रागिरि हिल्सका अध्यक्ष चन्द्रप्रसाद ढकाल । उनी भन्दै थियो, "यो केबलकारको प्रविधि अर्थात् उत्पादक अष्ट्रियन 'डोब्बलमेयर' कम्पनी हो । यो विश्वकै सबैभन्दा सुरक्षित कम्पनी हो र हाम्रोजस्ता विश्वका २० हजार केबलकारमा यही कम्पनीको प्रविधि सञ्चालनमा छ । यो प्राविधिक विषय हो र पूरैरुपमा बिजुलीमा निर्भर हुने भएकाले बिजुली गएपछि केही समय रोकिन्छ त्यसलगत्तै जेनेरेटर चल्छ ।

जेनेरेटरले पनि समय लाग्ने अवस्था भएमा हामीसँग 'इमर्जेन्सी ड्राइभ' का कैयौँ विकल्प छन् । त्यस्तै सङ्कट नै पर्ने या उद्धार नै गर्नुपर्ने भन्ने केही हुँदैन ।" गोण्डोलामा लेखिएको सूचना 'हावाहुरी चलेका बेला, चट्याङ परेका बेला यो केबलकार पनि रोकिन सक्छ, नआत्तिइ यसैमा बस्नुहोला' देखाउँदै ढकालले भने, "यो प्रविधि हो, पूरै सुरक्षित छ, तर कुनैबेला रोकिन सक्छ रोकिँदैमा डराउनुपर्दैन ।" हालै आफू स्वीट्जरल्याण्ड पुगेका बेला पनि यसैगरी केबलकारमा रहेकै बेला प्राविधिक कारणले केहीबेर केबलकार हावामै रोकियो तर त्यहाँ समाचार भएन भन्दै उनले यो एक नियमित प्रक्रिया नै हो तर हामीकहाँ समाचार नै बन्नु विडम्बना हो भने ।

चन्द्रागिरि केबलकारका सेल्स मार्केटिङ प्रमुख प्रभाकर खड्का भन्छन्, "मेसिनबाट चल्ने भएकाले कहिलेकाहीँ केबलकार रोकिन सक्ने, प्राविधिक समस्या आउन पनि सक्ने भए पनि पूर्ण सुरक्षित रहन्छ, यसमा यात्रु आत्तिनु पर्दैन, तत्काल नभए केही समयमा समस्या समाधान गरेर केबलकार सञ्चालन गरिन्छ ।"

केही दिनअघि राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना चढेका बेला केबलकार रोकिएको समाचार आएको थियो । त्यस बखत केहीबेर केबलकार रोकिएपछि गोण्डोलामा मानिस आत्तिएका, अक्सिजन नपुगेर सास फेर्न गाह्रो भएको समाचार आएको थियो । सो समाचारतर्फ सङ्केत गर्दै अध्यक्ष ढकालले डिब्बामा सात मिनेट रोकिएर रहेका पत्रकारलाई सोधे, "के यहाँहरुलाई सास फेर्न गाह्रो भएको हो ? उनले डिब्बामा रहेका झ्यालतर्फ देखाउँदै", भने ।

हरेक डिब्बामा झ्याल रहेकाले नियमित अक्सिजन आपूर्ति भइरहेको थियो । फेरि केबलकारका माथिल्लो बटम स्टेसन नै दुई हजार तीन सयमात्र उचाइमा रहेकाले यहाँ अक्सिजनको कमी हुने अवस्था पनि नरहेको प्राविधिको भनाइ थियो ।

विश्वकै उत्कृष्ट प्रविधि प्रयोग गरे पनि प्राविधिक समस्याका कारण केही समय केबलकार रोकिनसक्ने तर त्यसका लागि वैकल्पिक व्यवस्थाका लागि सधैँ तयारी अवस्थामा रहने हुनाले पनि कुनै जोखिम नहुने सञ्चालकको भनाइ थियो । यसै विषयमा जानकारी गराउन चन्द्रागिरि हिल्सले आज यसको सम्पूर्ण प्राविधिक पक्षको स्थलगत अध्ययन गराई, केबलकारमार्फत बटम स्टेनसमा लगेर पत्रकार सम्मेलन गरेको थियो ।

अध्यक्ष ढकालले तीन चरणबाट केबलकार सञ्चालन हुने जानकारी गराए । "पहिलो विद्युत्‌बाट सञ्चालन हुन्छ, विद्युत् गएको खण्डमा एक मेगावाट बराबरको जेनेरेटरबाट सञ्चालन गरिन्छ, यदि त्यसले पनि काम गरेन भने, 'इमरजेन्सी ड्राइभ' भन्ने छ, त्यो सय प्रतिशत चल्छ, त्यसमार्फत जति पनि यात्रु गोण्डोलामा हुनुहुन्छ, उनहरुलाई सकुसल अवतरण गराउने समयसम्ममा नै काम गर्छ ।"

उनले यदि कोही यात्रु रोकिएर माथि रहेमा उनीहरुलाई नि:शुल्करुपमा रिसोर्टमा बस्ने, खाने व्यवस्था गरिने र आकस्मिकरुपमा तल झर्नुपर्ने यात्रुलाई सवारी साधनकोसमेत व्यवस्था रहेको जानकारी दिए ।

केबलकारका इलेक्ट्रोनिक इञ्जिनीयर सरोज चापागाईं केबलकार रोकिएर कुनै पनि हालतमा दुर्घटना नहुने जिकिर गरे । उनी भन्छन्, "यदि प्राविधिक समस्या नै आइहाल्यो भने पनि अधिकतम ४० मिनेटमा आकस्मिकरुपमा मानिसलाई ओराल्ने काम हुन्छ, नत्र ५, १० मिनेटमा नै सुरक्षितरुपमा सञ्चालनमा आउँछ ।"

"हरेक दिन केबलकार सञ्चालनमा ल्याउनुअघि प्राविधिक परीक्षण हुन्छ, त्यसपछि पनि समस्या आइहालेमा तत्काल विज्ञबाट अध्ययन हुन्छ, र ५, १० मिनेटमा निराकरण गरेर सेवा सञ्चालन हुन्छ । यदि समय लाग्ने खालको समस्या देखियो भने आकस्मिक ड्राइभमार्फत मानिसलाई अवतरण गराउँछौँ, धेरै समय लाग्यो भने तलका यात्रुलाई तलैबाट फिर्ता गराउँछौँ र माथिका यात्रुलाई माथि रिसोर्टमा पनि लैजान्छौँ", उनले थपे ।

केबलकारका संस्थापक सञ्चालक अम्बिकाप्रसाद पौडेलले प्रश्न गरे, "हिजोको घटनामा चर्चा भएको अवस्था र आज आफैँ पत्रकार चढेर रोकिएको अवस्थामा कस्तो महसुस गरे ? भनी प्रश्न गरे ।

# हेटौँडामा नागरिकता विधेयकविरूद्ध राप्रपाको राँके जुलुस

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ हेटौंडामा नागरिकता विधेयकविरूद्ध राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा मकवानपुरले राँके जुलुस निकालेको छ । राप्रपा मकवानपुरले शुक्रबार साँझ हेटौंडाको मेनरोडमा राँके जुलुस निकालेर गठबन्धन सरकारविरुद्ध प्रदर्शन गरेको हो ।

प्रहरीले राँके जुलुसलाई नियन्त्रणमा लिन खोजेको थियो । मुलुकलाई बिखण्डनको दिशामा लैजाने भन्दै नागरिकता विधेयक फिर्ता हुनुपर्ने माग राप्रपाको छ । राप्रपाले नागरिकता विधेयक, भ्रष्टाचार र अन्य समसामयिक विषयमा विरोध प्रदर्शन गरेको हो । राष्ट्रघाती नागरिक विधेयक र संघीयता खारेज गर्न माग गरिएको थियो । जुलुस निकाल्नु अघि राप्रपाले हेटौंडा-५ सानोपोखरास्थित पार्टी कार्यालयबाट विरोध प्रदर्शनसहितको र्‍याली निकालेको थियो । र्‍याली कान्तिराजथ, बुद्धचोक हुँदै सिमाचोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोभन गर्दै राप्रपा नेपालका केन्द्रीय सदस्य दिपकबहादुर सिंहले नागरिकता विधेयकलाई नेपाली जनताले नरूचाएको भन्दै फिर्ता लिन सरकारसँग आग्रह गरे । सिंहले नागरिकता विधेयक पास गर्न छिमेकी देश भारतले हाम्रा नेताहरुलाई ठुलो आश्वासन दिएको आरोप लगाएका छन् ।

एमालेले अन्य मुद्दामा प्रतिनिधिसभामा ९ महिनासम्म अवरोध सिर्जना गरेपनि नागरिकता विधेयकविरुद्द चुक्क समेत बोल्न नसकेको सिंहले बताए । उनले राष्ट्रवादी भन्ने कम्रेडहरु अहिले कुन दुलोमा पसेको भन्दै प्रश्न गरे ।

# लागूऔषध दुर्व्यसनविरुद्ध विद्यार्थीलाई सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ बसामाडी जेसीजले आफ्नो सप्ताहव्यापी कार्यक्रमअन्तगर्त शुक्रबार विद्यार्थीहरूलाई लागुऔषध दुर्व्यसनविरूद्ध सचेतना गरेको छ ।

बसामाडी जेसीजका अध्यक्ष चिराग अग्रवालको अध्यक्षतामा तथा हेटौंडा वडा नम्बर ३ का अध्यक्ष ढलकबहादुर थापाको प्रमुख अतिथ्यतामा सचेतना कार्यक्रम भएको थियो ।

हेटौंडा ३ बसामाडीमा रहेको महेन्द्र किरण माध्यमिक विद्यालयमा लागूऔषध दुर्व्यसनविरुद्धको सचेतना कार्यक्रम गरिएको कार्यक्रम संयोजक विप्लप लम्सालले बताए । कार्यक्रममा विद्यार्थीहरुलाई लागूऔषध सेवनका कारण सामाजिक, आर्थिक र पारिवारिक रूपमा पर्ने असरका बारेमा जानकारी गराइएको थियो । विद्यार्थी जिवनमा पर्ने नकारात्मक असरका कारण भविष्य नै अन्यौल हुने भएकाले दुर्ब्यसनलाई निरूत्साहित गर्नुपर्ने जनाइएको थियो ।

कार्यक्रममा विद्यालयका अध्यक्ष हर्कबहादुर पाखिन, विद्यालयका प्रधानाध्यापक तारा गौतम, सहायक प्रधानाध्यापक रामप्रसाद महत, सियान पुर्नस्थापना केन्द्रका सञ्चालक सौजन डिसी, जेसीजका निवर्तमान अध्यक्ष गौतम केसी, पूर्वअध्यक्ष सरोज अधिकारी, मुल कार्यक्रम संयोजक सरोज डंगोल, सह संयोजक मनिष घिमिरेलगायतमो उपस्थिति थियो ।

जेसीज सप्ताह कार्यक्रम अन्तरगत शुक्रबार जनचेतनामूलक होर्डिङ बोर्ड स्थापना गरिएको छ । जेसीज सप्ताहको आज शनिबार समापन कार्यक्रम रहेको छ । बसामाडी जेसीजले हरेक वर्ष सामाजिक कार्यमार्फत सप्ताहव्यापी कार्यक्रम गर्दै आइरहेको छ ।

# चलचित्र प्रकाश: जुम्लाको कथा, नेपाली समाजको यथार्थता



गण्डकी, १३ साउन (रासस)/ प्रदर्शनको अन्तिम तयारीमा रहेको नेपाली कथानक चलचित्र प्रकाश नेपाली समाजको यथार्थता भएको कलाकारले बताएका छन् । आगामी भदौ १० गतेदेखि प्रदर्शन गर्ने तयारी गरिएको उक्त चलचित्रको प्रवर्द्धनका लागि बिहीबार पोखरा आएका कलाकारहरूले एकसाथ चलचित्रले नेपाली समाजको यथार्थतालाई देखाउन खोजेको बताए ।

"चलचित्र प्रकाश समाजको यथार्थतामा आधारित कथा हो । यसको मुख्य भूमिकामा अभिनय गर्न पाउँदा मलाइ खुसी लागेको छ", चलचित्र पत्रकार संघ कास्कीद्वारा आयोजित पत्रकार सम्मेलनमा नायक प्रदीप खड्काले भने, "चलचित्र जुम्लामा छायाङ्कन गरिएको भएपनि नेपाली समाजको यथार्थता, भोगाइलाई तथा समस्यालाई कथामा देखाउन खोजिएको छ ।"

चलचित्रमा जुम्लाको गरिब परिवारको विपन्नतामा हुर्केका एक सदस्य प्रकाशको शिक्षक बन्ने सपना र त्यससँग उनको सपना पूरा गर्न जोडिएका विभिन्न घटनाक्रमलाई प्रस्तुत गर्न खोजिएको छ । आफ्नो सपना पूरा गर्न गर्नुपर्ने विविध संघर्षको कथालाई चलचित्रले देखाउन खोजेको बताउँदै उनले प्रकाशले आफूलाई कलाकार बनाएको उल्लेख गरे ।

पोखरेलीबाट आफूले मायाँ पाइरहेको बताउँदै खड्काले चलचित्र प्रकाशलाई सफल बनाउन पनि पोखराबाट महत्वपूर्ण सहयोग मिल्ने आशा व्यक्त गरे । चलचित्रकी नायिका दिया मास्केले कुनै पनि पुरुषको हरेक सफलतामा महिलाको हात हुने कुरालाई आफ्नो भूमिकामार्फत देखाउन खोजेको धारणा राखे । नेपाली जनजीवनलाई वास्तविकरुपमा चित्रण गरिएको उल्लेख गर्दै उनले अभिनयका क्रममा देखे भोगेका विभिन्न अनुभव सुनाए । पोखरा आफ्नो घर भएकाले पनि यहाँबाट अत्यधिक माया पाइने मास्केको विश्वास छ ।

चलचित्र लेखक विकास सुवेदीले 'प्रकाश' सबैको कथा भएको बताउँदै जीवन संघर्षको पहाड भएको विषयलाई चलचित्रले स्पष्टरुपमा चित्रण गर्न खोजेको बताए । पत्रकारिता क्षेत्र हुँदै आफू चलचित्रमा प्रवेश गरेको अनुभव सुनाउँदै उनले पत्रकारिताका क्रममा देखे भोगेका विविध समस्यालाई चलचित्रमा उतारिएको बताए ।

"एक गरिब परिवारमा जन्मेको व्यक्तिले शिक्षक बन्न गर्नुपरेको संघर्षलाई चलचित्रमा प्रस्तुत गर्न खोजिएको छ", उनले भने, "यो सबैको कथा हो, समाजको वास्तविकता हो ।" चलचित्र निर्माणका सन्दर्भमा झण्डै एक वर्ष अध्ययन अनुसन्धान गरिएको बताउँदै सुवेदीले प्रदर्शन हुने तयारीमा आउँदा अरु दुई वर्ष लागेको बताए । हालसम्म करिब दुई करोड लगानी भइसकेको जानकारी दिँदै उनले लागत दुई करोड ५० लाखसम्म पुग्न सक्ने बताए ।

चलचित्रका निर्देशक दिनेश राउतले समाजको यथार्थपरक कथालाई समेत व्यवसायिकीकरण गर्नुपर्ने आवश्यकतालाई औँल्याउँदै प्रकाशले नेपाली समाजको यथार्थतालाई जीवन्तरुपमा चित्रण गरेको बताए । आफू राम्रो कथाको खोजीमा रहेको र चाहेजस्तो कथा पाएकाले पनि 'प्रकाश' निर्देशनका लागि तयार भएको उनको भनाइ छ । चलचित्र 'प्रसाद'पश्चात् लामो समयको अन्तरालमा 'प्रकाश' निर्देशन गरेको उनले जानकारी दिए ।

चलचित्रमा प्रकाश घिमिरे, राजन खतिवडालगायतका कलाकारको अभिनय गरेको छ । निर्माता महेन्द्र अधिकारी रहेको चलचित्र विनिस इन्टरटेन्मेन्ट ब्यानरमा निर्माण गरिएको हो ।

# शिक्षाको गुणस्तर सुधारमा ध्यान दिन सांसदको माग



काठमाडौँ, १३ साउन (रासन)/ सांसदहरुले शिक्षामा रहेका विभिन्न किसिमका समस्या समाधान गरेर शैक्षिक गुणस्तर सुधारमा लाग्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराएको छ ।

प्रतिनिधिसभाको शुक्रबार बैठकमा शून्य समयमा बोल्दै सांसदहरुले समग्र विकासका लागि पहिले शिक्षामा सुधार गर्नुपर्ने औँल्याएको हो । सांसद नारायणप्रसाद खतिवडा अहिले एसइई परीक्षामा सामुदायिक र निजीमा फरक नतिजा देखिएकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारेर आगामी वर्ष राम्रो नतिजा ल्याउनुपर्नेमा जोड दिए ।

सांसद पार्वतीकुमारी विसुङ्खेले सरकारले इसिडिका सहजकर्ताले तोकिएको तलब नपाएकाले त्यसमा सरकारको ध्यानाकर्षण गराए । सांसद डा. डिला सङ्ग्रौलाले गुणस्तरिय नर्सिङ सेवामा सम्झौता नहुने गरी नर्सिङ अध्ययनको वातावरण बनाउन माग गरे । सांसद दुर्गाबहादुर राउतले शिक्षामा परिवर्तन नहुँदासम्म अरु परिवर्तन अवरोध हुने भन्दै शिक्षामा विभेदिकरण रोकिनुपर्नेमा जोड दिए । सांसद टेकबहादुर बस्नेतले राप्ती राजमार्गमा बजेट नै नपर्ने र परेको बजेट कार्यान्वयन नभएको भन्दै काम नगर्ने व्यवसायीलाई कारबाहीको माग गरे ।

सांसद् दिलकुमारीले लोक सेवाले मधेसका लागि जनशक्ति माग नगर्दा स्थानीय तहमा करारमा कर्मचारी रहेकाले भर्ना प्रक्रिया अघि बढाउन माग गरे । सांसद दिव्यमणि राजभण्डारीले यो अधिवेशनमा महत्वपूर्ण विधेयक पास भए पनि राष्ट्रियसभामा उत्पत्ति भएका महत्वपूर्ण विधेयक रोकिनुको कारणबारे जिज्ञासा राखे ।

सांसद नरबहादुर धामीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका कारण घरबारविहीन स्थानीयवासीको समस्या समाधानका लागि धेरै कार्यदल बने पनि समाधान नभएकाले नागरिकलले दु:ख पाइरहेको बताए । सांसद नरमाया ढकालले प्रतिनिधिसभाको कार्यकाल सकिन लाग्दा पनि निर्वाचित सांसद रेसमलाल चौधरी जेलमा रहेको भन्दै दोषीलाई कारबाही गरेर निर्दोषलाई न्यायको माग गरे ।

सांसद निरुदेवी पालले निर्मला पन्तको बलत्कारपछि हत्या गर्ने अपराधीलाई सरकारले कठघरामा ल्याउनुपर्ने र महिला हिंसाका घटनामा गम्भीर हुनुपर्ने बताए । सांसद नवराज सिलवालले ललितपुरको माल्टामा ५० वर्षका लागि पुग्ने सिमेन्टको निर्माण सामग्री रहेकामा निजी कम्पनीले सस्तोमा जग्गामा लिएर काम नगरेकाले सरकारले त्यो स्वामित्व लिनुपर्ने औँल्याए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बाघको बासस्थान व्यवस्थापन गर्न आवश्यक: प्रधानमन्त्री देउवा



काठमाडौँ, १३ साउन (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवाले प्रकृतिको विशिष्ट र दुर्लभ वन्यजन्तुका रुपमा रहेको बाघ आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको बताएको छ ।

विश्व बाघ दिवसका अवसरमा राष्ट्रिय बाघ संरक्षण समिति नेपालद्वारा शुक्रबार आयोजित समारोहलाई सम्बोधन गर्दै उनले बाघको संरक्षणबाट वातावरण स्वच्छ हुने भएकाले यसको संरक्षणमा जुट्न आह्वान गरे । बाघ पाइने विश्वका सीमित देशमध्ये नेपाल पनि एक भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले बाघको संरक्षणबाट पर्यटकीय क्रियाकलाप गरी आर्थिक उपार्जन बढ्ने बताए ।

"बाघको संरक्षण वृद्धि सुखद, नेपालले सन् २०१० रुसको सेन्ट पिटर्सवर्गमा गरिएको सम्मेलनको महत्वाकांक्षी योजनाअनुसार लक्ष्य पूरा गर्न योगदान गर्ने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु, बाघका लागि पर्याप्त आहार र विचरण क्षेत्र नहुँदा मानवबस्तीमा पसेर दु:खद् घटना हुने गरेकाले यसबाट सचेत हुनुपर्ने समय आएको छ, जनता ठूलो कि जनावर ठूलो भन्ने बहस चलेको छ", उनले भने । बाघको बासस्थान व्यवस्थापन गरेर स्थानीयवासीको जीविकोपार्जन सुधार गर्न आवश्यक रहेको प्रधानमन्त्री देउवाले बताए । बाघ संरक्षणका चुनौती अन्त्य गर्न थप अध्ययन अनुसन्धान आवश्यक भएको भनाइ उनले राखे । संरक्षित क्षेत्र वरपरको बस्तीलाई सुरक्षित गर्न आवश्यक भएको पनि प्रधानमन्त्री देउवाले बताए ।

बाघको छला, हड्डी लगायतका कारण चोरी सिकारी हुनसक्ने भएकाले संरक्षणका चुनौती सामना गर्ने गरी तयारी गर्न मन्त्रालयलगायत सरोकार भएका निकायलाई उनले निर्देशन दिए । उनले बाघ संरक्षणका लागि कर्मचारी वृद्धि, क्षमता वृद्धि, अन्तर्राष्ट्रिय सहायता संस्थासँग समन्वय आवश्यक भएको धारणा राखे ।

हालै सरकारले वन्यजन्तु मैत्री पूर्वाधार निर्देशिका जारी गरेकाले त्यसअनुसार काम हुने विश्वास प्रधानमन्त्री देउवाले व्यक्त गरे । समारोहमा पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले बाघको संरक्षणका लागि मन्त्रालय र यसअन्तर्गतका निकायलाई आग्रह गरे । बाघ संरक्षणका क्षेत्रमा राम्रो काम गर्नेलाई पुरस्कृत गर्न पनि उनले सुझाव दिए । "नेपाललाई अन्तर्राष्ट्रियस्तरमा परिचित गराउन बाघ पनि महत्वपूर्ण भएकाले यसको संरक्षण गर्नु आवश्यक छ, बाघको संरक्षणका लागि वन क्षेत्रको विकास गर्नुपर्छ, यसका लागि प्रकृति संरक्षण कोषले पनि ध्यानदिनुपर्छ", अध्यक्ष नेपालले भने ।

प्रकृतिको संरक्षण गर्न नसके कुनै पनि जनावरको रक्षा गर्न नसकिने भएकाले सबैले आआफ्नो स्थानबाट संरक्षणमा जुट्नुपर्ने उनको भनाइ थियो । वन तथा वातावरण मन्त्रालयका सचिव पेमनारायण कँडेलले बाघको संरक्षण गर्दा संख्या वृद्धि हुनुका साथै वातावरण संरक्षणमा पनि सहयोग पुग्ने भनाइ राखे ।

बाघको संख्या वृद्धिका लागि विशेष कार्यक्रम सुरु गरिएको उनले बताए । बाघ पाइने स्थानको पहिचान गरी नेपाली सोनाकोसमेत सहयोगले बाघ संरक्षण गर्न सकिएको उनले जानकारी गराए ।

सो अवसरमा हाल नेपालमा बाघको संख्या ३५५ पुगेको जानकारी गराइएको थियो । सन् २०१० अघि १२१ बाघमात्र नेपालमा थियो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक रामचन्द्र कँडेलले सन् २०१० मा बाघको संख्या घटेकामा हाल उल्लेखनीयरुपमा बढेको बताए । नौ प्रजातिका बाघमध्ये विश्वमा तीन प्रजाति लोप भएर तीन प्रजातिमात्र थियो ।

विश्वका १३ देशले गरेको प्रतिबद्धताअनुसार नेपालले दोब्बर बनाउन सफल भएको जानकारी पनि उनले दिए । बाघ संरक्षणमा नेपाल सफल देशका रुपमा स्थापित भएको छ ।

# कृषिमा रमाउँदै युवा

रुकुमपूर्व, १३ साउन (रासस)/ सानै उमेरमा विदेश गएर धेरै दु:ख पाएका सिस्ने गाउँपालिका वडा नं ५ रुमालबाराका वसन्त मल्लले अहिले घरमा फर्केर भैँसीपालन व्यवसाय सुरुआत गरेको छ । उनलाई विदेशमा गर्ने दु:खको आधा दु:खले पनि स्वदेशमै राम्रो पैसा कमाउन सकिँदोरहेछ भन्ने लागेको छ ।

उनीसँग अहिले आधा दर्जन भैँसी छन् । रुकुमकोटमा दूधको माग निकै बढेको छ । दैनिक पाँच सयदेखि हजार लिटरको माग आउने बजारमा अहिले १७/१८ लिटरदेखि लिएर ४०/५० लिटरसम्म मात्र दूध उत्पादन गरेर बजारमा पुर्‍याउने गरेको उनले बताए ।

यस्तै सिस्ने-६ की निशा हमालले पनि जग्गा भाडामा लिएर तरकारी खेती गरेको छ । गएको वर्षमा एक रोपनी जग्गा भाडामा लिइ थोरै लगानीबाट सुरु गर्नुभएको तरकारी खेती अहिले भने १० रोपनी क्षेत्रमा विस्तार भएको छ ।

खेती गरिएको सबै जमिन शाहीले लिजमा लिएको हो । व्यावसायिक कृषिबाट राम्रो आम्दानी गर्न सकिन्छ भने आफूलाई लागेपछि तरकारी खेती सुरु गर्नुभएका शाहीले अहिले आफ्नी श्रीमान्‌लाई समेत स्वदेश फर्काएको छ ।

कृषिमै भविष्य देखेकी शाहीले दुई-चार वर्ष विदेश बसेका श्रीमान्‌लाई स्वदेश फर्काएपछि अहिले दुवै जना एकअर्कालाई सहयोग गर्दै कृषि कर्ममा रमाइरहेकोछ । रुकुमपूर्वकै पुथाउत्तरगङ्गा गाउँपालिकामा पनि सामूहिक बङ्गुरपालन सुरु भएको छ । वडा नं १२ कोलमा स्मार्ट कृषि गाउँ कार्यक्रमअन्तर्गत सामूहिकरूपमा बङ्गुरपालन सुरु गरिएको हो ।

अहिले कोलमा उन्नत जात र स्थानीय जातको बङ्गुरपालन गरिएको छ । बङ्गुरपालन व्यवसायबाट आम्दानी राम्रो हुने स्मार्ट कृषि कोलगाउँका अध्यक्ष प्रेमकुमार गुरुङले बताए । उनीहरुजस्तै अन्य व्यक्तिले पनि व्यावसायिक कृर्षितर्फ पाइला अघि बढाएको छ ।

अहिले जिल्लामा उनीहरूले कृषि पेशालाई अँगालेर जुन खालको मेहेनत गरिरहेको यो साँच्चिकै उदाहरणीय छ । मान्छेले विदेशकै सपना देख्ने र स्वदेशमा भएकाहरू पनि गाउँमा काम छैन भनेर सहर बजार केन्द्रित हुँदै गर्दा कृषिबाटै उदाहरणीय काम गरी जीवनस्तर परिवर्तन गर्न सकिन्छ भनेर उनीहरुले सन्देश दिएको छ ।

युवा जमात सबै विदेशिँदा जन्ती र मलामी भेट्नै गाह्रो परेको छ । स्वदेशमै भएकाहरू पनि सहरबजार केन्द्रित छन् । विदेशबाट फर्केर स्वदेशमै आइ केहीले फरक तरिकाबाट पैसा कमाउने सपना देखेका छन् ।

# पत्रकार महासंघ काठमाडौँलाई तीन लाख सहयोग

काठमाडौँ, १३ साउन (रासस)/ दिवङ्गत पत्रकार एमडी कुलुङको परिवारले नेपाल पत्रकार महासंघ, काठमाडौँ शाखालाई तीन लाख सहयोग गरेको छ ।

विभिन्न देशमा रहेका नेपालीबाट आर्थिक सहयोग संकलन गरी दिवङ्गत पत्रकार मुलुङको नामबाट महासंघलाई चेक हस्तान्तरण गरिएको पत्रकार महासंघ काठमाडौँ शाखाका अध्यक्ष सूर्य सुवेदीले जानकारी दिए । सो रकम अक्षय कोषमा राखी एमडी कुलुङ स्मृति पत्रकारिता पुरस्कार नामकरण गरी वार्षिक तीन पत्रकार (एक फोटो पत्रकार र दुई खोजमूलक पत्रकारिता गर्ने पत्रकार)लाई हरेक वर्ष पुरस्कार वितरण गरिने उनले बताए । निश्चित मापदण्ड बनाएर निष्पक्षरुपमा पुरस्कार प्रदान गरिने अध्यक्ष सुवेदीले जानकारी दिए ।

दिवङ्गत पत्रकार कुलुङकी श्रीमती विष्णुकुमारी लिम्बू, पूर्वविद्यार्थी नेता थोमस बाँस्तोला र महासंघ काठमाडौँ शाखाका पूर्वसचिव भुपराज खड्काको सक्रियतामा सो रकम संकलन गरिएको हो ।

# किसानमा चैते धानको मोह

कञ्चनपुर, १३ साउन (रासस)/ शुक्लाफाँटा नगरपालिका- ३ जोनापुरका सीताराम चौधरीले १० का जग्गामा चैते धान खेती गरी २५ बोरा धान उत्पादन गर्न सफल भएको छ । बर्खे धानभन्दा चैते धानको उत्पादन बढेपछि उहाँ निकै उत्साही भएको छ ।

अर्को वर्ष सीतारामले अब एक बिघा जग्गामा चैते धानको खेती गर्ने सोच बनाएको छ । "चैत महिना अघि नै रोपेर असारको दोस्रो साता भित्र्याइने चैते धानको उत्पादन सोचेभन्दा बढी नै भएकाले अर्को वर्ष जग्गा थप गरेर खेती गर्ने योजना छ" उनी भन्छन्, "खेतमा धान काट्नका लागि पनि असजिलो छैन । गाउँका बासिन्दाले परालकै लागि सित्तैमा धान काटेर चुटिसमेत दिन्छन् । धान भित्र्याउने काम मात्रै हामीले गर्छौं ।"

चैते धान खेतीबारे यसअघि त्यति धेरै जानकारी नभएको उनी बताउँछन् । "नहरको पानी लाग्ने किसानले चैते धान खेती गरेको देखेर आफूले पनि हर्दिनाथ जातको धान रोपेको हुँ" सीताराम भन्छन्, "यत्तिको उत्पादन हुन्छ भनेर सोचेकै थिइएन । नसोचेको उत्पादन पाएपछि यस खेतीबाट निकै प्रभावित भएको छु ।" सिँचाइका लागि उनले विद्युतीय मोटरको सहायताले खेतमा सिँचाइ गरी चैते धानखेती गरेको हो ।

चैते धान रोपेको पाँच कठ्ठा जग्गा सीतारामको आफ्नो स्वामित्वको हो भने अर्को पाँच का जग्गा भाडामा लिएर खेती गरेको थियो ।

सोही जग्गामा अहिले बर्खे धान रोपिसक्नु भएका उनले केही जग्गामा भने दुई दशकदेखि व्यावसायिकरुपले तरकारी खेतीसमेत गर्दै आएको छ । गाउँकै मिहेनती किसानका रुपमा सीताराम परिचित छन् । उनी जस्तै जिल्लाका महाकाली सिँचाइको नहर लाग्ने भीमदत्त, बेलडाँडी, बेलौरीलगायत क्षेत्रका किसानले समेत चैते धानखेती गर्दै आएका छन् ।

# राक्सिराङ र बागमतीका महिलालाई बाख्रा



साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ मानव बेचबिखन रोकथाम तथा सुरक्षित स्थानागमन प्रर्वद्धन परियोजनाअन्तर्गत् मकवानपुरको विकट राक्सिराङ र बागमती गाउँपालिकाको महिलाहरुलाई बाख्रा सहयोग गरिएको छ ।

नारी सीप सृजना केन्द्र हेटौंडाले महिलाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले बाख्रा वितरण गरेको हो । परियोजना सञ्चालित वडाहरुको छलफल केन्द्रमा आवद्ध महिलाहरुलाई बाख्रा वितरण गरिएको केन्द्रका कार्यकारी निर्देशक चिरञ्जिवी पौडेलले जानकारी दिए । एडब्लुओ इन्टरनेशनलको आर्थिक सहयोगमा नारी सीप सृजना केन्द्रले राक्सिराङमा ३४ वटा र बागमतीमा ५२ वटा गरी ८६ वटा बाख्रा बितरण गरेको हो ।

बागमती गाउँपालिका ३ नम्बर वडाका वडाध्यक्ष कमान सिं पाखिन (पृथकले) महिलाहरुलाई बाख्रा हस्तान्तरण गरेका थिए । अध्यक्ष पाखिनले महिलाहरुलाई सचेतनासँगै सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रममा सहभागी गराएको भन्दै धन्यवाद दिए । महिलाहरुलाई आयआर्जनमा जोड्न बाख्रा बंगुर तथा कृषि सामग्रीहरु हस्तान्तरण गर्दै आइरहेको भन्दै संस्थालाई यस कार्यको निरन्तरताका लागि आग्रह गरे । महिलाहरु आत्मनिर्भर बन्नुपर्ने भन्दै सरकार देखि निजी क्षेत्रले आयआर्जनका लागि उपायको खोजीसँग अबसर प्रदान गर्नुपर्नेमा वडाध्यक्ष पाखिनको भनाई थियो । संस्थाकी अध्यक्ष सरस्वती बर्तौलाले महिलाहरुलाई स्थानीय तहमै स्वरोजगार बनाउन सीप विकास, प्रविधि, कृषि सामग्री दिएर र आर्थिक रुपमा सबलिकरण गराउन बंगुर र बाख्रा वितरण गरिएको जानकारी दिइन् ।

कार्यक्रममा बागमती गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत झम्क नारायण घलान, पशु शाखा अधिकृत राजेन्द्र गोले, प्रशासन शाखाका नवीन मुक्तान, संस्थाका कार्यकारी निर्देशक पौडेल, परियोजना संयोजक ज्योति भोम्जनलगायतको उपस्थिति थियो ।

संस्थाले यसअघि राक्सिराङ गाउँपालिकाको १ र ४ नम्बर वडाका आठ/आठ जनालाई, बागमती गाउँपालिकाको ३ नम्बर वडाका २५ जनालाई दुई/दुई वटा बाख्रा र ब्याडका लागि बोयर जातका बोका बितरण गरेको थियो ।

# सहकारीहरुलाई कोपोमिस तालिम




साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, जिल्ला फिल्ड कार्यालयको आयोजनामा सहकारीका प्रतिनिधिहरुलाई कोपोमिस तालिम दिइएको छ ।

जिल्लाका बचत तथा ऋण सहकारी संस्थाका ४० जना तालिममा सहभागी थिए । हेटौंडा उपमहानगरपालिकाका सहकारी शाखा प्रमुख हिम प्रसाद पौडेलको प्रमुख आतिथ्यता तथा मकवानपुर फिल्ड व्यवस्थापन उपसमिति सदस्य राजु गौतमको अध्यक्षतामा कार्यक्रम भएको हो । ऐनमा उल्लेख भए बमोजिम सहकारीले कोष विभाजन गर्नुपर्ने, नीति विधि र प्रविधिमा सञ्चालन हुनुपर्ने, कोपोमिसमा आवद्ध भई समष्टिगत विवरण भर्नुपर्नेलगायतका विषयहरुमा जानकारी गराउँदै कोपोमिसमा समष्टिगत विवरण भर्ने बारे जानकारी दिइएको थियो ।

तालिममा हेटौडा उपमहानगरका सहकारी शाखा अधिकृत सुस्मिता महत, कम्प्युटर अपरेटर नीरदेवी महर्जनलगायतको उपस्थिति थियो । तालिमको सहजीकरण नेफ्स्कूनका अनुगमन अधिकृत सौभाग्य भट्टराइले गरेकी थिइन् । सहकारीको व्यवस्थापन सहजीकरण नेफ्स्कून मकवानपुर फिल्ड कार्यालयकी इन्चार्ज ज्योति महतले गरेकी हुन् ।

# हेटौंडाका पाँच स्वास्थ्य केन्द्रलाई सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ हेटौंडा उपमहानगरपालिकाले बाह्य मुलुकसँग सम्बन्ध र सम्पर्क बढाउन चाइनको युनान प्रदेससँग भगिनी सम्बन्धको तयारी थालेको छ ।

हेटौंडा र युनान प्रदेशबीच नेपाल चाइना एक्जुकेटिभ काउन्सिलमार्फत भगिनी सम्बन्धको तयारी थालिएको हो । उक्त तयारीका लागि युनान कर्मशियल रिप्रिजेन्टिटिभ अफिस काठमाडौंका प्रमुख उ लिन छनसहितको तिन सदस्य टोली हेटौंडा आएर मेयर लामासँग छलफल गरेको छ ।




वार्षिक करिब ५० लाख बराबरको सहयोग गर्ने तयारी अनुसार चालु वर्षमा हेटौंडाको विभिन्न वडाहरुमा काम गर्ने गरी अनुगमन समेत गरिएको जनाइएको छ । सोही योजनाअनुसार शुक्रबार नगरका स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्य सामग्री सहयोग गरिएको छ ।

हेटौंडाका ५ वटा स्वास्थ्य केन्द्रलाई कोरोना संक्रमण दर बढ्दै गएको अवस्थामा यसको रोकथाम र नियन्त्रणका लागि आवश्यक पर्ने माक्स, सेनेटाइजर, एन्टीजिन किटसहितको सामग्री हेटौंडाकी मेयर लामालाई हस्तान्तरण गरिएको हो । हेटौंडा उपमहानगरको चार वटा वडाका लागि 'खुल्ला जिम अभ्यास' केन्द्र सञ्चालनका लागि अनुगमन गरिएको जनाइएको छ । युनान कर्मशियल रिप्रिजेन्टिटिभका प्रमुख उ लिन छन, उपमहानगरका प्रवक्ता तथा वडा नम्बर १ का अध्यक्ष सविन न्यौपाने, ९ नम्बर वडाका अध्यक्ष सुकराम केसी, १८ नम्बर वडाका अध्यक्ष अनिल बानियाँसहितको टोलीले हेटौंडा ८, ९, १४, र १८ नम्बरस्थित सार्वजनिक जग्गाको निरीक्षण गरेको थियो ।

# सीटीस्क्यान मेसिन खरिदको ठेक्का प्रक्रिया नै रद्द

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ बागमती प्रदेश सरकारले खरिद गर्न लागेको सीटीस्क्यान मेसिन खरिदको ठेक्का प्रक्रिया नै रद्ध गरिएको छ ।




सीटीस्क्यान मेसिन खरिद प्रक्रियामा अनियमितता भएको भन्दै प्रदेशसभाको सार्वजनिक लेखा समिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चासो देखाएपछि मेसिन खरिदको ठेक्का प्रक्रिया नै रद्द गरिएको हो ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य आपूर्ति केन्द्रले प्रदेश सरकार मातहतका पाँचवटा अस्पतालमा जडान गर्ने गरी आह्वान गरेको ठेक्का प्रक्रियामा त्रुटि देखिएको भन्दै समिति र अख्तियारले चासो देखाएपछि ठेक्का रद्द गरिएको हो ।

केन्द्रले गत असार ३१ गते समितिको छानबिनकै क्रममा बोलपत्र रद्द गरिएको सूचना सार्वजनिक गरेको थियो । केही समय अघि केन्द्रले आह्वान गरेको सीटीस्क्यान मेसिन खरिद प्रक्रियामा कर्मचारीको मिलेमतोमा अनियमितताको आशंकासहित सार्वजनिक रूपमा विरोध भएको थियो ।

त्यस्तै उक्त सीटीस्क्यान मेसिन खरिदका क्रममा प्रक्रियागत त्रुटि भएको तथा आर्थिक अनियमितताका लागि चलखेल भइरहेको सार्वजनिक भएपछि उक्त विषयले प्रदेशसभाको बैठकमा समेत प्रवेश पाएको थियो । ठेक्काको विरोधपछि बागमती प्रदेशसभाको सार्वजनिक लेखा समितिले सीटीस्क्यान मेसिन खरिद प्रक्रियामा भएको भनिएको अनियमितताका सम्बन्धमा छानबिन उपसमिति गठन गरी अध्ययन थालेको थियो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत चासो देखाएको थियो ।

# सानो गढीको प्रवेशद्धार गेट उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ मकवानपुरको ऐतिहासिक मकवानपुरगढी क्षेत्रमा रहेको सानो गढीको प्रवेशद्धारको उद्घाटन गरिएको छ ।

शुक्रबार एक कार्यक्रमका बीच प्रवेशद्धारको उद्घाटन गरिएको हो । पुरानो गोरख गणले ठेक्का प्रणालीमा मार्फत निर्माण गरिएको प्रवेशद्धारको २८ नम्बर बाहिनी अड्डाका बाहिनीपति हिम्मत बहादुर विष्ट र मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जेलामा स्याङ्तानले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

बाहिनीपति हिम्मत बहादुर विष्ठको उपस्थितीमा मकवानपुरगढी वडा नम्बर २ का वडा अध्यक्ष एंव गढी संरक्षण समितिका बखानसिं पाखिनलाई हस्तान्तरण गरिएको छ ।

बाहिनीपति हिम्मत बहादुर विष्टले हस्तान्तरण पश्चात नेपाली सेनाले सदैव स्थानीय जनसमुदायलाई सहयोग गर्दै आएको बताए । उनले नेपालको ऐतिहासिक धरोहरुको संरक्षण तथा स्थानीय संगको सम्बन्ध सुधार योजना अनुरुप उक्त कार्य सम्पन्न भएको जानकारी दिए ।

त्यस्तै गाउँपालिका अध्यक्ष दोर्जे लामाले नेपाली सेनाले नेपाली जनताको स्तरोन्ती र राष्ट्रिय सम्पत्तिको संरक्षणमा चाल्दै आएको कदम सहरनीय रहेकोले आगामी दिनहरुमा पनि संयुक्त साझेदारी गर्ने कुरामा जोड दिए ।

मुल प्रवेशद्धार सहित सानोगढीका चारकिल्लामा तारबार निर्माण गरिएको छ । उक्त कार्य बंशगोपाल कन्सट्रक्सन प्रालिले १४ लाख ५७ हजार २९० मा ठेक्का पारी निर्माण गरेको थियो ।

कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाखिन, वडा सदस्यहरु, निर्माण कम्पनीका प्रतिनिधि लगायत स्थानीयहरुको उपस्थिती रहेको थियो ।

मकवानपुरगढीको एक हिस्साको रुपमा रहेको सानो गढी यस भन्दा पहिले खुला प्रवेश रहेको र तारबार नभएकाले संरक्षणमा समस्या देखिएको थियो ।

# २ जनामा कोरोना भाइरस संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ मकवानपुरका थप २ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । शुक्रबार १२ जनाको स्वाब परीक्षण गर्दा २ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार मकवानपुरमा हाल २१ जना सक्रिय संक्रमितको रहेका छन् ।

# समाजवादीको पालिकास्तरीय गतिविधि अघि बढ्ने

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ नेकपा एकीकृत समाजवादीले पालिकास्तरिय गतिविधि बढाउने भएको छ ।

शुक्रबार हेटौंडामा भएको नेकपा एकीकृत समाजवादीको जिल्ला कमिटी बैठक तथा जिल्ला स्तरीय प्रशिक्षणले पालिकास्तरीय गतिविधि अगाडि बढाउने कार्ययोजना बनाएको हो ।

पार्टीका उपाध्यक्ष एबम् बागमती प्रदेशका इन्चार्ज केदार न्यौपानेको प्रमुख आतिथ्यतामा बसेको बैठकले साउन र भदौ महिनाभर संगठन सुदृढिकरण कार्यक्रम सञ्चालन गर्ने गरी कार्ययोजना निर्माण गरेको छ ।

कार्य योजना अन्तर्गत हरेक पालिका तहको बैठक, भातृ संगठनहरुको बैठक, वडा तहको संगठन निर्माण र पुनगठन एबम् प्रशिक्षण लगायतका कार्यक्रमहरु रहेको पार्टी अध्यक्ष सूर्यचन्द्र न्यौपानेले जानकारी दिए ।

त्यसैगरी प्रतिनिधि सभा तथा प्रदेश स्तरीय कमिटीहरुको पूर्णता र पार्टी सदस्यता बितरणलाई समेत प्रमुख प्राथमिकतामा राखी पार्टीले राजनीतिक गतिविधिहरुलाई तीब्रता दिन लागिएको उनले बताए ।

बैठकलाई सम्बोधन गर्दै केन्द्रीय उपाध्यक्ष एबम् बागमती प्रदेश इन्चार्ज न्यौपानेले अहिले पनि राष्ट्रियतामाथि भयंकर खतरा रहेको राष्ट्रिय परिवेशबारे चर्चा गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै स्थायी कमिटी सदस्य एबम् बागमती प्रदेश अध्यक्ष साबित्रा भुषालले पार्टी संगठनको बिस्तार, विकास, मूल्यांकन तथा अनुशासनका बिषयमा कार्यकर्ताहरु सचेत भएर लाग्नुपर्ने सुनाए ।



त्यसैगरी अर्का स्थायी कमिटी सदस्य एबम् पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री बिरोध खतिवडाले केपी ओली नसुध्रिएसम्म बाम एकता वा तालमेलमा एमाले नसमेटिने बताए । अर्का स्थायी कमिटी सदस्य एबम् मकवानपुर जिल्ला इन्चार्ज ललितकुमार बस्नेतले पार्टी संगठनको काम स्थानीय तहको निर्वाचनपछि सुस्त भएको प्रसंग कोट्याउँदै अहिले नै थकित हुन नहुने बताए । कार्यक्रममा जिल्ला सचिवालय कमिटीले तयार पारेको कार्ययोजना पारित गरेको छ ।

कार्ययोजना अन्तर्गत सबै पालिकामा अब राजनीतिक गतिविधिहरु हुने पार्टीका सचिव बिष्णुप्रसाद दाहालले जानकारी दिए ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**




- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

साझाकुरा
राष्ट्रिय दैनिक
खोजिखोजि पढौं ।



कोरोना
भाइरसबाट
बचौं र बचाऔं ।

**प्रोपाईटर**: बिनोद शाही ☏ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल




**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना